# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस १७ गते, २०८२ साल (संख्या ५४

## भाग ३

## निर्वाचन आयोगको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३२

### प्रतिनिधि सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) नियमावली, २०८२

प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम १४ मा संशोधन:** प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १४ को उपनियम (३) मा रहेका "चार दशमलव तीन प्रतिशत" भन्ने शब्दहरूको सट्टा "चार दशमलव शुन्य दुई प्रतिशत" भन्ने शब्दहरू राखिएको छ।

३. **मूल नियमावलीको नियम ४० मा संशोधन:** मूल नियमावलीको नियम ४० को उपनियम (४) मा रहेका "चार दशमलव तीन प्रतिशत" भन्ने शब्दहरूको सट्टा "चार दशमलव शुन्य दुई प्रतिशत" भन्ने शब्दहरू राखिएको छ।

**आज्ञाले,**
**कृष्ण बहादुर राउत**
**सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार